
# अदालत सम्बन्धी
## सामान्य जानकारी



अदालत सम्बन्धी कामकारवाहीका बारेमा सर्वसाधारणबाट जिज्ञासा राख्दै

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

हरिहरभवन, ललितपुर

# अदालत सम्बन्धी
## सामान्य जानकारी

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
हरिहरभवन, ललितपुर

**तयारी समूह**
श्री लेखनाथ पौडेल
श्री ऋषिकेश वाग्ले
श्री श्यामकुमार भट्टराई
श्री श्रीकृष्ण मुल्मी
श्री पारस पौडेल

श्री राजनकुमार के.सी., कार्यक्रम व्यवस्थापक

**ले-आउट/डिजाइन** : श्री बिष्णुबहादुर बरुवाल

**प्रकाशक** : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
हरिहरभवन, ललितपुर
**प्रकाशन संख्या** : ३०० प्रति
**सर्वाधिकार** : प्रकाशकमा
**प्रकाशन मिति** : २०७०, चैत्र
**मुद्रक** : फरम्याट प्रिन्टिङ्ग प्रेस प्रा.लि. ।

**सहयोग** : **International Commission of Jurists**

# भूमिका

न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीका अतिरिक्त अर्द्धन्यायिक निकायमा कार्यरत न्यायिक काम गर्ने अधिकृत एवं कर्मचारीहरुको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको हो । प्रतिष्ठान स्थापनाकाल देखि नै न्यायाधीशहरु, न्यायसेवाका कर्मचारीहरु, कानून व्यवसायीहरु र अर्द्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरुका लागि विभिन्न किसिमका प्रशिक्षण, कार्यशाला, गोष्ठी र अन्तरक्रिया जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुका साथै न्याय प्रशासनका विभिन्न विषयमा अनुसन्धानमूलक अध्ययन समेत गर्दै आएको छ ।

न्याय प्रशासनलाई प्रभावकारी बनाउन न्याय र कानूनका क्षेत्रसँग सम्बन्धित जनशक्तिको  मात्र क्षमता अभिवृद्धि गरेर हुँदैन । न्याय र कानून क्षेत्रमा कार्य गर्न स्थापित निकायहरुको कामकारबाहीका बारेमा यसका सरोकारवालाहरुलाई समेत जानकारी गराउनु पर्छ भन्ने अवधारणाका आधारमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले विगत वर्षदेखि नै **समुदायमा अदालत** कार्यक्रम मार्फत अदालतको काम कारबाहीको बारेमा जानकारी गराउन प्रारम्भ गरेको हो । सोही क्रममा अदालतमा मुद्दा मामिलाको कारवाही र किनारा कसरी सम्पादन गरिन्छन् भन्ने सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले यो पुस्तिका तयार गरिएको हो । तसर्थ, यो पुस्तिकामा अदालत र अदालतका सरोकारवाला निकायहरुको सामान्य परिचय र न्याय सम्पादनमा अवलम्वन गरिने प्रक्रियालाई सरल भाषामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत **अदालत सम्बन्धी सामान्य जानकारी** तयार गर्ने क्रममा प्राविधिक तथा आर्थिक सहयोग गर्ने International Commission of Jurists (ICJ – Nepal) र त्यस संस्थाका तत्कालीन राष्ट्रिय कानूनी सल्लाहकार श्री विद्या चापागाई र राष्ट्रिय कानूनी सल्लाहकार श्री सुमेदा शाक्यलाई प्रतिष्ठान हार्दिक धन्यवाद ज्ञापन गर्दछ । यसै गरी प्रस्तुत मस्यौदा पुस्तिकालाइ अन्तिम रुप दिनका लागि काठमाडौं र वुटवलमा आयोजना गरिएको परामर्श बैठकमा आफ्नो अमूल्य राय सुझाव दिनुहुने सम्पूर्ण सहभागीहरुलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

**अदालत सम्बन्धी सामान्य जानकारी** तयारी समूहका संयोजक प्रतिष्ठानका रजिष्ट्रार एवम् निर्देशक श्री लेखनाथ पौडेल, समूहका सदस्यहरु माननीय जिल्ला न्यायाधीश श्री ऋषिकेश वाग्ले, सह न्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई, उप निर्देशक श्री

श्रीकृष्ण मुल्मी, उप निर्देशक श्री पारस पौडेल प्रति प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ। यसैगरी प्रस्तुत **जानकारी पुस्तिका** तयारीको संयोजन तथा व्यवस्थापनमा संलग्न प्रतिष्ठानका कार्यक्रम व्यवस्थापक श्री राजन कुमार के.सी र प्रतिष्ठानका कार्यालय सचिव श्री पुनम लाखेलाई समेत धन्यवाद छ।

आगामी दिनमा अदालत र अदालतका काम कारबाहीका विषयमा समुदायका लागि उपयोगी हुने विविध न्यायिक कामकारबाही सम्बन्धी जानकारी पुस्तिकाहरु तयार गरी समुदायमा वितरण गर्ने प्रतिष्ठानको लक्ष्य रहेको छ।

अन्त्यमा, यस **अदालत सम्बन्धी सामान्य जानकारी पुस्तिका**ले समुदायका जनताहरुलाई अदालत र यसका कामकारबाहीका विषयमा सामान्य जानकारी प्रदान गर्न सफल हुनेछ भन्ने अपेक्षा गरिएको छ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान

# विषयसूची


| विषय | पृष्ठ |
|---|---|
| १. परिचय | १ |
| २. राज्यका प्रमुख अङ्गहरु | २ |
| ३. अदालतका किसिम | २ |
| ३.१ सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत तथा अन्य अदालत तथा न्यायाधिकरण | ३ |
| ३.२ अन्य अदालत र न्यायिक निकायहरु | ४ |
| ३.३ अदालतले जस्तै मुद्दा हेर्ने अन्य निकायहरु | ५ |
| ४. अदालतका शाखाहरु | ६ |
| ५. अदालतका कर्मचारीहरु | ७ |
| ६. अदालतमा मुद्दा सुनुवाई गर्ने प्रक्रिया | ८ |
| ७. न्याय सम्पादन सम्बन्धी व्यवहारिक जानकारी | ९ |
| ७.१ मुद्दा फैसला हुन कति समय लाग्दछ ? | ९ |
| ७.२ मुद्दामा कति खर्च लाग्दछ ? | १० |
| ७.३ मुद्दा फैसला भएपछि कार्यान्वयन कहिले हुन्छ ? | ११ |
| ८. फौजदारी मुद्दाका सरोकारवाला निकायहरु | ११ |
| ८.१ सरकारी वकिलको भूमिका | १२ |
| ८.२ प्रहरीको भूमिका | १३ |
| ८.३ कानून व्यवसायीको भूमिका | १३ |
| ८.४ नागरिक समाजको भूमिका | १४ |
| ८.५ स्थानीय निकायको भूमिका | १५ |
| ९. न्याय सम्पादन सम्बन्धी केही विशेष व्यवस्थाहरु | १५ |
| ९.१ निःशुल्क कानूनी सहायता | १५ |
| ९.२ गोपनीयता कायम गर्ने र बन्द इजलासबाट सुनुवाई | १६ |
| ९.३ निरन्तर सुनुवाई सम्बन्धी व्यवस्था | १७ |
| ९.४ मेलमिलाप सम्बन्धी व्यवस्था | १८ |
| १०. अदालतमा प्रयोग हुने केही प्रचलित शब्दावलीहरु | १९ |

## १. परिचय

संविधान देशको मूल कानून हो । नेपालको अन्तरिम संविधान, २०६३ नेपालको मूल कानूनको रुपमा रहेको छ । यस अन्तरिम संविधानले प्रत्येक नागरिकका लागि न्याय सम्बन्धी हकको व्यवस्था गरेको छ । न्याय पाउनु प्रत्येक नागरिकको अधिकार हो । न्याय पाउने अधिकारबाट कोही पनि बञ्चित हुनु हुँदैन भन्ने सो व्यवस्थाको मान्यता हो । नागरिकको न्याय पाउने हकलाई व्यवहारमा लागू गर्न संविधानले न्यायपालिकाको व्यवस्था गरेको हुन्छ । न्यायपालिका अर्थात् अदालतहरुका काम कारबाहीको बारेमा जानकारी लिनु नागरिकको अधिकार हो र जानकारी गराउनु राज्यको कर्तव्य एवम् दायित्व पनि हो ।





लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा के कसरी राज्य सञ्चालन भइरहेको छ भन्नेबारे जानकारी पाउने नागरिकको अधिकार हुन्छ । त्यसैले हाम्रो अन्तरिम संविधानमा सूचनाको अधिकारलाई नागरिकको मौलिक हकको रुपमा व्यवस्था समेत गरिएको छ । लोकतान्त्रिक मुलुकमा जनता सर्वोच्च हुने र जनताले छानेका जनप्रतिनिधि मार्फत राज्य व्यवस्थाको सञ्चालन हुने र शासन व्यवस्था जनताप्रति उत्तरदायी हुनुपर्ने भएकाले सूचनाको हकलाई महत्वपूर्ण हकको रुपमा राखिन्छ । राज्य व्यवस्था सञ्चालनका बारेमा जनतालाई जानकारी भएमा अर्थात् जनताहरुले राज्य सञ्चालन र व्यवस्थामा चासो राखेमा देशको शासकीय व्यवस्थामा सुधार आउने र असल शासन कायम हुने अपेक्षा गर्न सकिन्छ ।

**कानूनको अनभिज्ञता क्षम्य हुदैन । अर्थात कानून सबैले जान्नुपर्दछ ।**

## २. राज्यका प्रमुख अङ्गहरू

कार्यपालिका अर्थात् सरकार, व्यवस्थापिका अर्थात् संसद र न्यायपालिका अर्थात् अदालतहरु राज्यका तीन अङ्ग हुन् । व्यवस्थापिकाले कानून बनाउँछ । कार्यपालिकाले कानून कार्यान्वयन एवम् लागू गर्ने गर्दछ र न्यायपालिकाले त्यस्तो कानून निर्माण, कार्यान्वयन संविधान र कानून बमोजिम छ छैन भनी जाँच गर्ने, विवाद समाधान गर्ने एवम् कानूनको व्याख्या गर्ने समेतका न्याय सम्पादन सम्बन्धी कार्य गर्दछ । राज्य सञ्चालनका लागि यी तीन अङ्गहरुको आ-आफ्नो भूमिका हुन्छ र यी तीन अङ्गहरुले एकको अधिकारक्षेत्रमा अर्कोले हस्तक्षेप गर्दैनन् । यसलाई शक्ति पृथकीकरणको सिद्धान्त भनिन्छ । तर अधिकारको स्वेच्छाचारी प्रयोग हुन नदिन र एउटा निकायले अर्कोको अधिकारक्षेत्र भित्र पर्ने काममा हस्तक्षेप गर्ने अवस्था हुन नदिनका लागि संविधानमा विभिन्न व्यवस्थाहरु गरिएको हुन्छ, त्यसलाई नियन्त्रण र सन्तुलनको सिद्धान्त भनिन्छ ।





## ३. अदालतका किसिम

कानून निर्माण र कार्यान्वयन संविधान र कानून बमोजिम छ छैन भनी जाँच गर्ने एवम् कानूनको व्याख्या गर्ने तथा हक अधिकारको प्रचलन गराउँने लगायत कार्यका लागि अदालतको स्थापना गरिएको हुन्छ । अदालतले व्यक्ति-व्यक्ति र व्यक्ति र सरकार बीचको विवाद निष्पक्ष र स्वतन्त्र रुपले निरोपण गर्दछ । अदालतले निष्पक्ष तथा स्वतन्त्र रुपले कार्य गर्नका लागि संविधानमा नै विशेष व्यवस्था गरिएको हुन्छ ।

अदालतबाट दोषी प्रमाणित नहुँदा सम्म अभियुक्तलाई निर्दोष मान्नु पर्छ ।

## ३.१ सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत तथा अन्य अदालत तथा न्यायाधिकरण

नेपालमा तीन तहका अदालतहरु रहेका छन् ती यस प्रकार छन् ।




संविधानले न्यायाधीशहरुको नियुक्ति गर्ने तथा न्यायाधीशहरुको सुविधा लगायतका सम्बन्धमा छुट्टै व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधान, २०६३ ले पनि प्रधान न्यायाधीशको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने र सर्वोच्च अदालतका न्यायाधीश न्याय परिषद्को सिफारिसमा नियुक्ति हुने व्यवस्था गरेको छ। त्यसैगरी पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको नियुक्ति न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले गर्ने व्यवस्था छ । तसर्थ, न्यायाधीशहरु सरकार तथा राजनीतिक व्यक्तिहरुबाट स्वतन्त्र हुन्छन् । न्याय सम्पादन कार्य निष्पक्ष रुपमा सम्पन्न हुन सकोस् र कतैबाट पनि हस्तक्षेप नहोस् भन्ने उद्देश्यले त्यस्तो छुट्टै व्यवस्था गरिएको हो ।

जिल्ला अदालतले मुद्दाको शुरु कारवाही गरी फैसला गर्दछ। जिल्ला अदालतले गरेको फैसलामाथि चित्त नबुझ्ने पक्षले पुनरावेदन अदालतमा पुनरावेदन गर्न पाउँछ । सामान्यतया जिल्ला अदालतमा भएको फैसला पुनरावेदन अदालतले पनि त्यही निर्णय सदर गरेमा पुनरावेदनको लागि सर्वोच्च अदालतमा विशेष अवस्थामा बाहेक जान पाईदैन । त्यस्तो मुद्दाको अन्तिम किनारा पुनरावेदन अदालतबाटै हुन्छ ।

तर जिल्ला अदालतले गरेको फैसला पुनरावेदन अदालतले पूरै वा आंशिक बदर गरेमा चित्त नबुझ्ने पक्षले सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्छ । यो सामान्य नियम हो । तर कतिपय निवेदनहरु सोझै पुनरावेदन तथा सर्वोच्च अदालतमा पनि दर्ता गरी कारवाही अगाडि बढाउन सकिन्छ । त्यसलाई असाधारण अधिकारक्षेत्र भित्र पर्ने रिट क्षेत्राधिकार भनिन्छ । अदालतले त्यस्तो निवेदन दिएमा विषयबस्तु हेरी उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको आदेश जारी न्याय प्रदान गर्दछ । व्यक्तिको नागरिक अधिकार उल्लंघन भएमा र कानून विपरीत कसैले थुनामा राखेमा सोझै जिल्ला अदालतमा निषेधाज्ञा र बन्दीप्रत्यक्षीकरणको आदेशको माध्यमबाट नागरिकको अधिकार उल्लंघन भएको र गैरकानूनी थुनामा रहेको नागरिक मुक्त गराउन सकिन्छ ।

## ३.२ अन्य अदालत र न्यायिक निकायहरु

सर्वोच्च, पुनरावेदन तथा जिल्ला अदालतका अतिरिक्त न्याय सम्पादनका लागि अन्य अदालत र न्यायिक निकायहरु पनि रहेका छन् । ऐन कानूनले विशेष खालका मुद्दाहरु हेर्नका लागि अन्य अदालत र न्यायिक निकायहरुको व्यवस्था गरेका छन् । ती यस प्रकार छन्:



## ३.३ अदालतले जस्तै मुद्दा हेर्ने अन्य निकायहरु

अदालत तथा न्यायिक निकायहरुका साथै अदालतले जस्तै निर्णय गर्ने वा फैसला गर्ने अधिकार विभिन्न प्रशासनिक कार्यालय र अधिकारीहरुलाई पनि दिइएको छ । त्यस्ता निकायलाई अर्द्धन्यायिक निकाय भनिन्छ । नेपाल सरकारका विभिन्न मन्त्रालय अन्तर्गत रहेको विभिन्न विभाग र कार्यालयहरुले अदालतले जस्तै कानूनले तोकेको आफ्नो अधिकारक्षेत्रको मुद्दा हेर्ने भएको हुनाले अर्द्धन्यायिक निकाय भनिएको हो । तिनीहरुले पनि अदालतले जस्तै प्रक्रिया पुऱ्याएर फैसला वा निर्णय गर्नु पर्दछ ।




एकै घटना वा विषयमा एक पटक भन्दा बढी मुद्दा लिन, चलाउन र सजाय गर्नु हुँदैन ।

## ४. अदालतका शाखाहरू

**जिल्ला अदालतमा** सामान्यतया देहायका शाखा रहन्छन् ।

| | |
|---|---|
| **प्रशासन शाखा** | यो शाखा अन्तर्गत कर्मचारी प्रशासन फाँट, मुद्दा दर्ता फाँट, नक्सा फाँट, दर्ता चलानी फाँट र जिन्सी फाँट हुन्छन् । |
| **मुद्दा शाखा** | सुपरिवेक्षकको नियन्त्रणमा रहने यो शाखा अन्तर्गत आवश्यक संख्यामा मुद्दा फाँट र म्याद तामेली फाँट रहने व्यवस्था छ । त्यस्तो फाँट खडा गर्दा मुद्दा संख्याको अनुपात मिलाई बालबालिका, वृद्ध, अशक्त, असहाय अवस्थाका मानिसको मुद्दा र थुनुवा भएको मुद्दाका लागि आवश्यकता अनुसारको संख्यामा छुट्टै फाँट खडा गरिएको हुन्छ । |
| **अभिलेख शाखा** | अभिलेख संरक्षक मातहत रहने यो शाखामा आवश्यक संख्यामा देवानी अभिलेख फाँट र फौजदारी अभिलेख फाँटहरू रहन्छन् । फैसला भइसकेका मिसिल लगायतका अभिलेखहरु यो शाखामा राखिएको हुन्छ । |
| **तहसिल शाखा** | फैसला कार्यान्वयन गर्ने जिम्मेवारी रहेको यो शाखामा आवश्यकता अनुसार तहसिल फाँट, असूल तहसिल फाँट र जिन्सी धरौटी अभिलेख तथा संरक्षण फाँट हुन्छन् । |
| **सूचना प्रविधि शाखा** | यो शाखाबाट अदालतमा सूचना प्रविधिको प्रयोगलाई नियमित र व्यवस्थित गर्ने काम हुन्छ । |
| **लेखा शाखा** | बजेट, राजश्व स्रेस्ता, नगद धरौटी अभिलेख समेतको सम्पूर्ण आर्थिक कारोवार तथा सोको लेखापरीक्षण र वेरुजु फछ्र्यौट समेतका कामहरू यस शाखाबाट हुन्छ । कार्यबोझका आधारमा अन्य शाखा वा फाँटको स्थापना गरिएको हुन्छ । |

यी शाखाहरुका साथ साथै पुनरावेदन अदालतमा पुनरावेदन दर्ता शाखा, निवेदन शाखा, अनुगमन तथा निरीक्षण शाखा, प्रतिवेदन शाखा, मास्केवारी शाखा समेत रहेका हुन्छन् । सर्वोच्च अदालतमा प्रशासन महाशाखा, मुद्दा तथा रिट महाशाखा, अनुसन्धान तथा योजना महाशाखा तथा अनुगमन तथा निरीक्षण महाशाखा रहने व्यवस्था छ । ती महाशाखा अन्तर्गत विभिन्न शाखाहरु रहन्छन् ।

## ५. अदालतका कर्मचारीहरु

अदालतमा न्यायाधीशका अतिरिक्त देहायका अन्य अधिकृत तथा कर्मचारीहरु पनि हुन्छन् ।

**न्यायाधीश** मुद्दाको आदेश, फैसला गर्न तोकिएको व्यक्ति ।

**कर्मचारी** फैसला वा आदेश अनुसारको कार्य सम्पन्न गर्ने काम अन्य कर्मचारीहरुले गर्दछन् । तिनीहरुले मुद्दाको दर्ता प्रक्रिया देखि सुनुवाईका लागि पेश गर्ने अवधिसम्म अदालतबाट गर्नुपर्ने कामहरु गर्दछन् ।

**रजिष्ट्रार अथवा स्रेस्तेदार** अदालतको प्रशासनिक जिम्मेवारी रजिष्ट्रार अथवा स्रेस्तेदारको हुन्छ । सर्वोच्च तथा पुनरावेदन अदालतको प्रशासनिक प्रमुखलाई रजिष्ट्रार र जिल्ला अदालतको प्रशासनिक प्रमुखलाई स्रेस्तेदार भनिन्छ ।

**इजलास अधिकृत तथा इजलास सहायक** इजलासमा न्यायाधीशलाई न्यायिक कार्य सम्पादनमा इजलास अधिकृत तथा इजलास सहायकहरुले सहयोग गर्दछन् ।

**अन्य कर्मचारी** मुद्दा फाँटमा शाखा प्रमुख, फाँटवाला र अन्य सहायक कर्मचारीहरु रहन्छन् । फैसला भइसकेको मिसिल अभिलेख राख्ने अभिलेख शाखामा अभिलेख संरक्षक र अन्य कर्मचारीहरु रहन्छन् ।

**तहसिलदार** फैसला कार्यान्वयन गर्न फैसला कार्यान्वयन अधिकारी एवम् तहसिलदार सहित अन्य कर्मचारीहरु रहन्छन् ।

**तामेलदार** म्याद तामेली गर्ने कार्य तामेलदार लगायतका कर्मचारीहरुबाट गरिन्छ ।

**अधिकृत तथा अन्य कर्मचारी** पक्षहरुले अदालतमा दर्ता गर्न ल्याएको मुद्दाहरु दर्ता गर्ने, म्याद तामेल गर्ने गराउने, प्रतिउत्तर दर्ता गर्ने गराउने जस्ता कार्य गरी मुद्दालाई सुनुवाईको अवस्थासम्म पुऱ्याउने काम अदालतका अधिकृत तथा अन्य कर्मचारीहरुको हो ।

## ६. अदालतमा मुद्दा सुनुवाई गर्ने प्रक्रिया

कुनै पनि विवादको निरोपणको लागि अदालतमा मुद्दा दर्ता गरिन्छ। मुद्दा दायर भएपछि अदालतले निश्चित प्रक्रिया अवलम्वन गरी न्याय सम्पादन गर्दछ। मुद्दामा प्रमाण संकलन गर्ने, साक्षीहरु बुझ्ने, नाप नक्सा गर्ने लगायतका मुद्दा अनुसार प्रमाण बुझ्नु पर्ने सम्पूर्ण काम गरी सकेपछि पक्ष विपक्षका कानून व्यवसायीहरु मार्फत बहस गरिन्छ। यसलाइ सुनुवाई पनि भनिन्छ। कानूनले निर्धारण गरेको प्रक्रिया पूरा भएपछि मुद्दामा अङ्ग पुगेको भनिन्छ र सुनुवाईको आधारमा अदालतका न्यायाधीशहरुले मुद्दाको फैसला गर्दछन्। न्यायाधीशले मुद्दाको सुनुवाई गर्ने ठाउँलाई इजलास भनिन्छ। जिल्ला अदालतमा एक जना न्यायाधीश भएको इजलासले सुनुवाई गरी फैसला गर्दछ भने पुनरावेदन अदालतमा सामान्यतः दुई जना न्यायाधीशको इजलासले सुनुवाई गर्दछ। पुनरावेदन अदालतमा मुद्दाको शुरु कारवाही गर्न वा आदेश गर्न काम एक जना न्यायाधीश भएको इजलासले गर्दछ। त्यस्तै सर्वोच्च अदालतमा पनि सामान्यतः दुई जना न्यायाधीश भएको इजलासमा सुनुवाई हुन्छ। तर मुद्दाको सुनुवाईको चरण, मुद्दाको प्रकृति एवम् गाम्भीर्यताको आधारमा कुनै मुद्दामा एक जना न्यायाधीश भएको इजलासबाट सुनुवाई भई आदेश हुन्छ भने कुनै मुद्दामा तीन जना न्यायाधीश वा सोभन्दा बढी न्यायाधीशहरु भएको इजलासबाट सुनुवाई गरी फैसला गरिन्छ। एक जना न्यायाधीश भएको इजलासलाई एक न्यायाधीशको इजलास, दुई जना न्यायाधीश भएको इजलासलाई संयुक्त इजलास, तीन जना वा सो भन्दा बढी न्यायाधीश भएको इजलासलाई विशेष इजलास वा पूर्ण इजलास भनिन्छ।




**इजलासमा मुद्दाको सुनुवाइ (बहस) हुँदै**

# ७. न्याय सम्पादन सम्बन्धी व्यवहारिक जानकारी

## ७.१ मुद्दा फैसला हुन कति समय लाग्दछ ?

मुद्दाको कारवाही र किनारालाई स्वच्छ र निष्पक्ष बनाउन कार्यविधिको उचित पालना गर्नु पर्दछ। मुद्दामा अपनाइने कार्यविधि मुद्दाको विषयवस्तु एवम् प्रकृति अनुसार फैसला गर्न फरक फरक समय लाग्दछ। छिटो सम्पन्न गर्नुपर्ने प्रकृतिका मुद्दाहरु अदालतमा दर्ता भएपछि फैसला गर्ने प्रयोजनको लागि संक्षिप्त कार्यविधि अपनाई फैसला गरिन्छ यसलाई छोटो कार्यविधि पनि भनिन्छ। कुन कार्यविधि अपनाउने भन्ने ऐनले नै तोकेको हुन्छ। संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गत कारवाही हुने मुद्दा प्रतिउत्तर दर्ता भएको मितिले ९० दिनभित्र किनारा गर्नुपर्दछ। विशेष किसिमको मुद्दामा विशेष कार्यविधि अपनाइन्छ। यस कार्यविधि अन्तर्गत दर्ता हुने मुद्दा दर्ता भएको मितिले सामान्यतया ६ महिनाभित्र फैसला गर्नुपर्ने व्यवस्था छ। धेरै जस्तो मुद्दाहरुमा सामान्य कार्यविधि अपनाइन्छ। त्यस्तो मुद्दाहरु सामान्यतया १ वर्ष भित्र फैसला गर्नुपर्दछ।

तर कानून बमोजिम निर्धारण भएको प्रक्रिया अपनाई मुद्दा फैसला गर्दा अदालतमा केही समय लाग्छ। सामान्य कार्यविधि अपनाइने मुद्दामा वादी अदालतमा आई मुद्दा दर्ता गरेपछि प्रतिवादीले प्रतिउत्तर लिई अदालतसम्म आउनको लागि प्रतिवादीलाई म्याद तामेल गर्न (सूचित गर्न) समय लाग्दछ। प्रतिवादीलाई म्याद तामेल गरी सकेपछि उसलाई आफ्नो तर्फबाट प्रतिउत्तर सहित अदालतमा उपस्थित हुन सो मुद्दामा अपनाइको कार्यविधि अनुसार निश्चित म्याद दिइएको हुन्छ। काबु बाहिरको परिस्थिति परी म्याद गुज्रेमा निश्चित दिनसम्मको गुज्रेको म्याद थामी प्रतिउत्तर दर्ता गरी तारेखमा रही मुद्दा प्रक्रियालाई अगाडि बढाउन पाइन्छ। यो व्यवस्था संक्षिप्त कार्यविधि, विशेष कार्यविधि अपनाइएका मुद्दामा फरक फरक हुन्छ। त्यस्तै फैसला हुनुभन्दा अगाडि सुनुवाईको प्रक्रियाको क्रममा साक्षी बकाउने, प्रमाण संकलनको लागि कुनै व्यक्ति वा निकायमा मिसिल भएमा वा मुद्दाको सन्दर्भमा कसैलाई बुझ्न आवश्यक देखिएमा सो झिकाउनका लागि पनि समय लाग्दछ। त्यस्तै मुद्दाका पक्ष वा विपक्षी अदालतमा मुद्दा गर्दा गर्दैको अवस्थामा विरामी परी तोकिएको तारेखमा उपस्थित हुन नसकी तारेख गुज्रेमा पछि विरामी निको भएपछि सो व्यहोराको निवेदन दिई तारेख थाम्न पाइन्छ। त्यस्तो अवस्थाले पनि मुद्दाको कारवाही र किनारा हुन थप समय लाग्न सक्दछ।

न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाले कुनै पनि मुद्दालाई दर्ता भएको मितिबाट २ (दुई) वर्ष नाघ्न नदिने नीति लिएको छ। धेरै मुद्दा भएको जिल्लामा

काम गर्ने न्यायाधीशले एक वर्षमा गरेको फैसलाको संख्यालाई पनि मूल्याङ्कनको एक आधार बनाएको छ। उक्त नीतिलाई सर्वोच्च अदालत लगायत मातहतका अदालतहरुले लागू गर्न जोड दिइएको छ। हाल पुनरावेदन र जिल्ला अदालतहरुमा थोरै संख्यामा मात्र २ (दुई) वर्ष नाघेका मुद्दाहरु रहेका छन्।

### ७.२ मुद्दामा कति खर्च लाग्दछ ?

नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा अदालतमा सामान्यता कुनै दस्तुर लाग्दैन। देवानी लेनदेन जस्ता मुद्दामा मात्र केही दस्तुर लाग्दछ। विगो नखोलिएको देवानी मुद्दामा खासै कुनै दस्तुर लाग्दैन। सामान्यत फिराद दस्तुर रु १००, प्रतिउत्तर दस्तुर रु ५०, निवेदन दस्तुर रु १० र सबै किसिमको मुद्दामा अदालतको मिसिल फोटोकपी गरी प्रमाणित गरी लिनको लागि प्रति पाना रु. २ को दरले मात्र दस्तुर लाग्दछ। तर विगो खोलिएको देवानी मुद्दामा मुद्दाको विगोको प्रतिशतको आधारमा कोर्ट फि लाग्दछ। कोर्ट फि ऐन बमोजिम देवानी मुद्दामा देहायबमोजिमको कोर्ट फि लाग्दछ।

**कोर्ट फि को हिसाव यसरी गरिन्छ :**
**रु २,०००।- सम्मको विगो भए ५ प्रतिशत - रु. १००।–**
**रु २,००१।- देखि २५,०००।- सम्मको विगो भए ४ प्रतिशत - रु. ९५०।–**
**रु २५,००१।- देखि १०००००।- सम्मको विगो भए ३ प्रतिशत - रु. २,२५०।–**
**रु १,००,००१।– देखि २,५०,०००।- सम्मको विगो भए २ प्रतिशत - रु. ३,०००।–**
**२,५०,००१।– भन्दा बढी जति विगो भए पनि १ प्रतिशतले कोर्ट फि लाग्दछ।**

अदालतमा बुझाएको कोर्ट फि लगायतको सम्पूर्ण पैसाको रसिद दिने गर्दछ। अदालतमा यसरी बुझाउने व्यक्तिहरुले पनि रसिद माग्न विर्सनु हुँदैन। तर मुद्दाका पक्ष गरिव वा असहाय भएको कारणबाट उल्लेखित विगो बराबरको कोर्ट फि बुझाउन नसक्ने भएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा सरजमिन गराई कोर्ट फि तिर्न नसक्ने अवस्था देखिएमा अदालतले तत्काल कोर्ट फि नलिई मुद्दा फैसला हुने बेलामा मात्र बुझाउने गरी मुद्दा दर्ता गरी मुद्दाको कारवाही अगाडि बढाउन सक्छ।

मुद्दाका पक्षहरुले कानून व्यवसायीहरुबाट मुद्दा लेखाउन र मुद्दामा बहस गर्नको लागि लिने फि मुद्दाका पक्ष र कानून व्यवसायी बीचको सहमति बमोजिम निर्धारण

हुने विषय हो । यसमा अदालतको कुनै पनि भूमिका हुँदैन । मुद्दा जित्ने पक्षले मुद्दामा लागेको खर्च विपक्षीबाट भराउन पाउने व्यवस्था समेत रहेको छ ।

### ७.३ मुद्दा फैसला भएपछि कार्यान्वयन कहिले हुन्छ ?

जिल्ला अदालतबाट फैसला भई सकेपछि पुनरावेदन गएर पुनरावेदन वा सर्वोच्च अदालतबाट अन्तिम टुंगो लागी सकेपछि मात्र फैसला कार्यान्वयन हुन्छ । कुनै कुनै मुद्दामा जिल्ला अदालतले गरेको फैसला उपर मुद्दामा पक्षहरुले पुनरावेदन नगरेमा अन्तिम हुन्छ ।

देवानी मुद्दामा फैसला भई मुद्दाको अन्तिम टुंगो लागेपछि मुद्दामा जित्ने पक्षले फैसला कार्यान्वयन गराई पाउँ भनी जिल्ला अदालतको तहसिल शाखामा निवेदन दिएपछि मात्र मुद्दाको फैसला कार्यान्वयनको प्रक्रिया अगाडि बढाउनुपर्ने कानूनी व्यवस्था छ । फैसला कार्यान्वयन गरी पाउँ भनी निवेदन दिनको लागि ऐनले मुद्दाको प्रकृति अनुसारको म्याद तोकेको छ । सो म्यादभित्र निवेदन नदिएमा मुद्दा जितेको भए तापनि फैसला बमोजिम कार्यान्वयन हुँदैन । त्यसरी ऐनको म्यादभित्र निवेदन दिएपछि अर्को पक्षलाई हाजिर हुन आउन जारी गरिने म्याद, बिगो बुझाउने म्याद, डोर खटाई कार्यान्वयन गर्नुपर्ने भए सो समेत गर्नको लागि ऐनले नै समय तोकेको हुन्छ । त्यस्तै फैसला बमोजिम जित्ने पक्षले भराई लिनुपर्ने भए विपक्षीको सम्पत्ति लिलामको सूचना गर्न लिलाम गर्न समय लाग्न सक्छ । यसरी विभिन्न प्रक्रिया र म्यादको समयको कारणले मुद्दा फैसला पछि पनि कार्यान्वयनको लागि केही समय लाग्छ । न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाले फैसला कार्यान्वयनलाई न्यायपालिकाले मूल कार्यको रुपमा लिएको छ र समयमा फैसला कार्यान्वयन गर्ने लक्ष्य एवम् रणनीति निर्धारण गरेको छ । प्रभावकारी फैसला कार्यान्वयनको लागि सर्वोच्च अदालत अन्तर्गत फैसला कार्यान्वयन निर्देशनालय स्थापना भएको छ ।

## ८. फौजदारी मुद्दाका सरोकारवाला निकायहरू

कसूर र अपराध सम्बन्धी मुद्दालाई फौजदारी मुद्दा भनिन्छ । गम्भीर किसिमका फौजदारी मुद्दामा अपराधको अनुसन्धान प्रहरीले गर्दछ । अपराध सहित व्यक्तिलाई पक्राउ गर्ने, थुनामा राख्ने, अपराधमा प्रयोग भएको हात हतियार, सामानहरु बरामद गर्ने, सबुद संकलन गर्ने, अभियुक्तको बयान गराउने, पीडितको बयान गराउने, अन्य सम्बन्धित व्यक्तिहरु बुझ्ने काम प्रारम्भिक चरणमा सरकारी वकिलसँगको परामर्शमा अनुसन्धानका लागि तोकिएका प्रहरी अधिकृतले गर्ने व्यवस्था छ । फौजदारी मुद्दामा जित्ने हार्ने प्रमुख आधार भनेको प्रहरीले गर्ने अनुसन्धान र सरकारी वकिलले

लिने दावीमा भर पर्दछ। तसर्थ फौजदारी मुद्दामा अनुसन्धान महत्वपूर्ण पक्ष हो। त्यस अतिरिक्त अदालतमा उपस्थित भई बयान गर्ने पीडित, अभियुक्त एवम् अन्य साक्षीहरुले गरेको बयान वकपत्रको आधारमा पनि मुद्दा फैसला हुन्छ। अदालतले गर्ने फैसला वरामद वा पेश भएको प्रमाण, पीडित तथा साक्षीहरुको भनाई र कानूनी व्यवस्थामा पनि भर पर्दछ। तसर्थ कुनै अपराध वा घटना हुनासाथ सो कुरालाई सुरक्षित राखी अदालतमा पेश भएमा सोको पुष्टि हुने गरी बयान बकपत्र भएमा पीडितले न्याय पाउन सक्ने अवस्था रहन्छ।




## ८.१ सरकारी वकिलको भूमिका

महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हो। संविधानसँग सम्बन्धित एवम् कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको



अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हो । कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुन्छ। नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न

सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने जिम्मेवारी महान्यायाधिवक्ताको हो । महान्यायाधिवक्ताले आफ्नो जिम्मेवारी आफू मातहतका सरकारी वकिलहरुलाई प्रत्यायोजन गर्दछ । अदालतको संरचनासँग मिल्दोजुल्दो संरचना सरकारी वकिल कार्यालयको समेत रहेको छ । सर्वोच्च अदालतमा बहस पैरवी गर्न महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन अदालत भएको ठाउँमा पुनरावेदन सरकारी वकिल कार्यालय र जिल्ला अदालत भएको स्थानमा जिल्ला सरकारी वकिल कार्यालय रहेको छ । विशेष अदालतसमेत अन्य न्यायिक निकायमा बहस पैरवी गर्न काठमाडौमा विशेष सरकारी वकिल कार्यालयसमेत स्थापना गरिएको छ ।

## ८.२ प्रहरीको भूमिका

कुनै पनि घटना वा मुद्दाको अनुसन्धान गरी सबुद प्रमाण सहित सरकारी वकिल मार्फत अदालतमा मुद्दा पेश गर्ने कानूनद्वारा तोकिएको निकाय नेपाल प्रहरी हो । प्रहरी ऐन, २०१२ बमोजिम समाजमा शान्ति कायम गर्ने सिलसिलामा कानूनले गर्न नहुने काम भनी तोकिएको काम गरेमा प्रहरीले अभियुक्तलाई आफ्नो नियन्त्रणमा लिई वा नलिई सबुद प्रमाण सहित मुद्दा दर्ता गर्ने अधिकार नेपाल प्रहरीलाई रहेको छ । प्रहरीले बाटोको म्याद बाहेक कसैलाई पनि २४ (चौबीस) घण्टा भन्दा बढी थुन्न हुदैन । अभियुक्तलाई बाटोका म्याद बाहेक २४ (चौबीस) घण्टा भित्रमा मुद्दा हेर्न तोकिएको अधिकारी समक्ष पेश गर्नुपर्दछ । यदि थुनामा राखेर नै कारबाही अगाडि बढाउनु पर्ने मनासिव माफिकको कारण वा प्रमाण भएमा मुद्दा हेर्ने अधिकारीसँग थुन्नुपर्ने कारण सहित थुनामा राखी अनुसन्धान गर्न आदेश लिनुपर्छ । मुद्दा हेर्ने अधिकारीले दिएको समयावधि भित्र अनुसन्धानको कारबाही सकेर सबुद प्रमाण सहित सरकारी वकिल मार्फत अदालतमा मुद्दा पेश गर्ने दायित्व पनि प्रहरीको हो ।



## ८.३ कानून व्यवसायीको भूमिका

कानून सबै व्यक्तिले पालना गर्नुपर्छ । कसैले पनि कानून जानेको छैन भन्न पाइदैन । कानूनको उल्लंघन गर्नेमाथि कारवाही हुन्छ । कानूनमा जानकारी वा ज्ञान भएको व्यक्तिले मात्र मुद्दामा पक्षको हित वा वचाउ गर्न सक्छ । कुनै घटना वा अपराधको अभियोगमा पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेका समयमा नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुन्छ । कानून व्यवसायीसँग गरेको

परामर्श र उसले दिएको सल्लाह गोप्य हुनुपर्छ । प्रत्येक व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुन्छ । साथै कानून व्यवसायीद्वारा मुद्दा गर्ने र आफू माथि दिएको मुद्दामा प्रतिरक्षा गर्ने गराउने समेत हक हुनेछ ।



नेपालमा कानून अध्ययन गरेको व्यक्तिले कानून व्यवसायी परिषद्द्वारा सञ्चालन हुने परीक्षामा पास भए पछि कानून व्यवसाय गर्ने अनुमति प्राप्त हुन्छ । कानून व्यवसायीले आफ्नो व्यवसाय गर्ने ठाउँलाई ल फर्म भनिन्छ । नेपालमा कानून व्यवसायीहरु वरिष्ठ अधिवक्ता, अधिवक्ता र अभिवक्ता गरी तीन तहका रहेका छन् । तर कानून व्यवसायी राख्न नसक्ने असमर्थ, असहायलाई पक्षको लागि अदालतबाट नियुक्त भएका वैतनिक कानून व्यवसायीले सेवा प्रदान गर्दछन् । वैतनिक कानून व्यवसायीबाट सेवा लिए वापत कुनै ज्याला वा पारिश्रमिक दिनु पर्दैन ।

## ८.४ नागरिक समाजको भूमिका

न्याय सम्पादनका लागि धेरै पक्षको सहयोग आवश्यक हुन्छ । समाजमा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्न नागरिक समाजले राज्यका निकायहरुलाई सहयोग गर्नुपर्दछ । त्यस्ता गतिविधि हुनासाथ प्रहरीमा उजुरी गर्ने, दोषीलाई पक्राउ गराउन सहयोग गर्ने नागरिक समाजको दायित्व हो । म्याद तामेली गर्ने कार्यमा अदालतका कर्मचारीहरुलाई सहयोग गर्ने, अदालती काम कारवाहीबारे जनचेतना जगाउने, पीडितको संरक्षण गर्ने, प्रमाण संकलनमा सहयोग गर्ने, साक्षी तथा सहयोगीको



रुपमा अदालतमा उपस्थित भई सहयोग गर्ने, फैसला कार्यान्वयनमा सहयोग गर्ने अदालतबाट कैद र जरिवाना लागेको व्यक्तिलाई पक्राउ गर्न सहयोग गर्ने जस्ता

प्रक्रियामा नागरिक समाजको महत्वपूर्ण भूमिका हुनुका साथै कैद वा सजाय सकेर आएको व्यक्तिलाई पुन: समाजमा सम्मानपूर्वक जीवन बाँच्न सहयोग गर्नु पर्छ ।

## ८.५ स्थानीय निकायको भूमिका

स्थानीय निकायको पनि न्याय सम्पादनको सम्बन्धमा महत्वपूर्ण भूमिका हुन्छ । स्थानीय निकायहरुले अदालतबाट जारी हुने म्याद तामेल गर्न सहयोग गर्ने, साक्षी तथा पीडितहरुको सुरक्षा गर्ने, आवश्यक सिफारिस दिने, प्रमाण बुझ्ने क्रममा रोहवरमा वस्ने, साक्षी सरजमीनका मानिस जुटाइ दिने, बाली रोक्का गरिदिने, नावालकको सम्पत्ति जिम्मा तथा संरक्षण गर्ने जस्ता भूमिका हुन्छ । मूख्यत: अदालतको आदेश अनुसार स्थानीय स्तरमा गर्नुपर्ने नाप नक्सा समेतका मुचुल्का तयार गर्न स्थानीय निकायको सहयोग निकै नै महत्वपूर्ण हुन्छ ।

## ९. न्याय सम्पादन सम्बन्धी केही विशेष व्यवस्थाहरु

अदालत न्याय प्रदान गर्न र पीडकलाई दण्डित गर्न असहायको न्यायमा पहुँच सहज बनाउने समेतका न्यायपूर्ण कामका लागि स्थापित निकाय हो । अदालत भनेको सबैको साझा संस्था हो । धनी गरिब, ठूला साना सबैले न्याय पाउनु पर्दछ भन्ने उद्देश्यले गरिब तथा असहायहरुका लागि न्यायमा सहज पहुँचका लागि विशेष व्यवस्था गरिएको छ । केही मूलभूत व्यवस्थाहरु यस प्रकार छन्:

## ९.१ नि:शुल्क कानूनी सहायता

अन्याय जो कोहीलाई पर्न सक्छ । अभियोग जो कोहीलाई पनि लाग्न सक्छ । आर्थिक सामाजिक रुपमा कमजोर र असहाय पक्षलाई अन्याय पर्‍यो वा पर्न सक्ने अवस्था भयो वा कुनै अपराध गरेको अभियोग लाग्यो भने त्यसले कानून व्यवसायी नियुक्त गरेर मुद्दा गर्न वा प्रतिरक्षा गर्न गराउन सक्ने अवस्था नहुन सक्छ । त्यस्तो अवस्थामा अदालतले त्यस्ता व्यक्तिको प्रतिनिधित्व गर्न कानून व्यवसायीको सहायता उपलब्ध गराई दिन वैतनिक कानून व्यवसायीको व्यवस्था गरिएको हुन्छ । वैतनिक कानून व्यवसायीले अदालतको तर्फबाट नियुक्त भएपछि पक्षको तर्फबाट मुद्दाहरु (लिखत) तयार गर्ने, वहस पैरवी गर्ने गर्दछन् । पक्षले त्यस्ता कानून व्यवसायीलाई आफ्नो तर्फबाट बहस पैरवी वा लिखत तयार गरेवापत कुनै ज्याला वा पारिश्रमिक तिर्नु पर्दैन ।

वैतनिक कानून व्यवसायी बाहेक असहाय व्यक्तिहरुले नेपाल बार एशोसिएन र विभिन्न बार एकाई तथा अन्य गैरसरकारी संस्थाहरुबाट पनि कानूनी सहायता प्राप्त गर्न सक्दछन् । निःशुल्क कानूनी सहायता पाउनका लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट सिफारिस ल्याउनुपर्ने हुन्छ ।

## ९.२ गोपनीयता कायम गर्ने र बन्द इजलासबाट सुनुवाई

सामान्यतः अदालतमा हुने काम कारवाही, बहस पैरवी खुला इजलास अर्थात् सबैले देख्ने वा सुन्ने गरी गर्नुपर्दछ । यसले न्याय प्रशासनलाई स्वच्छ र निष्पक्ष गर्न गराउन सहयोग पुऱ्याउँदछ । तर केही विशेष प्रकृतिका संवेदनशील मुद्दाहरुमा पक्षहरुको परिचयात्मक विवरणको गोपनीयता कायम गरी सुनुवाई गर्दा बन्द इजलासबाट गर्ने व्यवस्था गरेको छ । बन्द इजलासमा सम्बन्धित पक्षहरु र न्यायाधीशले तोकेका व्यक्तिहरु बाहेक अरु बस्न पाउँदैनन् । व्यक्तिको इज्जत, सुरक्षा, मर्यादा र हितलाई ध्यानमा राखी महिला तथा बालबालिका संलग्न भएको अपराधमा त्यस्ता पीडितहरुको नाम तथा ठेगाना र अन्य परिचय खुल्न सक्ने वस्तुहरुको गोपनीयता कायम गर्न अर्कै काल्पनिक नाम दिने गरिन्छ । यसले अपराधबाट पीडित भएका व्यक्तिलाई थप पीडा हुन नदिन तथा सामाजिक मर्यादा कायम राख्न सहयोग गर्दछ ।

**पक्षहरुको परिचयात्मक विवरणको गोपनीयता कायम गरी बन्द इजलासबाट सुनुवाई गर्नुपर्ने कुराहरु :–**

(क) जबरजस्ती करणी सम्बन्धी मुद्दामा पीडितको नाम, थर, ठेगाना तथा अन्य परिचय खुल्ने विषय,
(ख) मानव बेचबिखन सम्बन्धी मुद्दामा पीडित महिला भएमा पीडितको नाम, थर, ठेगाना तथा अन्य परिचय खुल्ने विषय,
(ग) बालबालिका पीडित तथा अभियुक्त दुबै भएको कुनै पनि फौजदारी मुद्दा,
(घ) नाता कायम, गर्भपतन तथा सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा,
(ङ) महिला पीडित भएको घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार सम्बन्धी मुद्दा,
(च) खुला इजलासबाट सुनुवाई गर्नु उपयुक्त छैन भन्ने इजलासलाई लागेको अन्य मुद्दाहरु पनि बन्द इजलासबाट सुनुवाई गर्न सक्ने व्यवस्था छ ।




बन्द इजलासबाट मुद्दाको सुनुवाई हुँदै

## ९.३ निरन्तर सुनुवाई सम्बन्धी व्यवस्था

मुद्दाको प्रकृतिको आधारमा गम्भीर र संवेदनशील प्रकृतिका मुद्दामा छिटो छरितो र प्रभावकारी रुपमा न्याय सम्पादन गर्ने उद्देश्यले अदालतमा निरन्तर सुनुवाईको अवधारणा विकास भएको हो ॥ निरन्तर सुनुवाई गरिने मुद्दाहरुमा सरकार वादी फौजदारी

**निरन्तर सुनुवाई गरिने मुद्दाहरु:**

- अपहरण तथा शरीर बन्धक
- आगलागी
- घरेलु हिंसा
- चोरी जबरजस्ती करणी
- जीउ मास्ने बेच्ने
- ठगी
- मानव बेचबिखन तथा ओसार पसार
- लागू औषध

मुद्दाका हकमा अदालतले तोकेको दिनमा साक्षी गवाह पेश गर्नुपर्ने हुन्छ। त्यस्तो मुद्दाका साक्षी प्रमाणहरू तत्कालै उपस्थित गराउन वा प्रमाण पेश गर्न सक्ने भएमा सुनुवाईलाई निरन्तरता दिई प्रमाण परीक्षण गरिनेछ। कार्यविधि पूरा भएपछि थप प्रमाण परीक्षण गर्न आवश्यक नभए अदालतले तत्कालै निर्णय गर्न गर्दछ।

## ९.४ मेलमिलाप सम्बन्धी व्यवस्था

अदालतमा दर्ता भएको मुद्दाका पक्षहरु बीच मिलापत्र गराई विवादको स्थायी समाधान गर्न गराउनका लागि अदालतहरुले मेलमिलापको अवधारणालाई अगाडि बढाइएको छ। कानूनले मिलापत्र गर्न मिल्ने देवानी मुद्दाहरुमा मिलापत्र गरी मुद्दाका पक्षहरुको स्रोत तथा साधनलाई बचत गर्न, पक्षहरु बीचको आपसी सम्बन्धलाई राम्रो बनाउन मेलमिलापको व्यवस्था गरिएको हो। मेलमिलापबाट विवादको शीघ्र र स्थायी समाधान हुने, विवाद समाधानको लागि कम खर्च हुने, पक्षहरु बीचको सौहार्दता पुनर्स्थापित हुने र सहमति कार्यान्वयनमा सहज हुने हुन्छ। मुद्दाका पक्षहरुले मुद्दा चलिरहेको जुनसुकै अवस्थामा पनि मेलमिलाप गर्न चाहेमा मुद्दाको कारवाही अगाडि नबढाई अदालतमा सूचीकृत भएका तालिम प्राप्त मेलमिलापकर्ता समक्ष पठाइन्छ। मेलमिलापकर्ताले दुवै पक्षको भनाई सुनी समाधानका उपायहरु देखाई पक्षहरुको सहभागितामा मेलमिलाप गर्ने प्रयास गर्दछ। मेलमिलाप सफल भएमा अदालतमा गई मिलापत्र गरिन्छ। मेलमिलाप हुन नसकेमा मुद्दा फेरि कारवाही र किनाराको लागि न्यायाधीश समक्ष पेश गरिन्छ।

**न्याय गरेर मात्र हुँदैन, न्याय गरेको देखिनु पर्छ। न्याय गरेको देखिएर मात्र हुदैन, पीडितले न्यायको अनुभूति गर्नुपर्छ।**




(मुद्दाका पक्षहरु मेलमिलाप गर्दै)

## १०. अदालतमा प्रयोग हुने केही प्रचलित शब्दावलीहरु

| | |
|---|---|
| अदालतको अवहेलना | अदालतको इज्जत, प्रतिष्ठा, नियम, आदेश वा कारबाहीको अवज्ञा वा असम्मान गर्ने कार्य |
| अदालती बन्दोबस्त | अदालतको कार्यविधि व्यवस्थित गर्नका निमित्त मुलुकी ऐनमा व्यवस्था भएको एक परिच्छेद |
| अभियुक्त | अभियोग लागेको व्यक्ति, सरकारी वादी फौजदारी मुद्दामा मुद्दा फैसला हुनु पूर्वावस्थाको प्रतिवादी |
| अभियोजन | कसैका उपर दोष लगाई फौजदारी मुद्दा लगाउने काम |
| आसमी | ऋण दिएको व्यक्ति |
| इतलायनामा | देवानी मुद्दामा प्रतिवादीलाई प्रतिवाद गर्न आउनु भनी अदालतबाट दिइने लिखित सूचना |
| इजलास | मुद्दाको सुनुवाई हुँदा न्यायाधीश, पक्षहरु र कानून व्यवसायीहरु बस्ने ठाउँ |
| उजुरी | अधिकार प्राप्त अधिकारी समक्ष पीर मर्का पोख्ने काम, उजुर गर्ने काम |

| | |
|---|---|
| ऐन | कुनै विषयलाई व्यवस्थित रुपमा गर्न गराउन विधायिकद्वारा बनेको कानूनी व्यवस्था |
| कसूरदार | कसूर गर्ने मानिस |
| कानून | राज्य संरचनालाई सुव्यवस्थित ढंगले सञ्चालन गर्न बनाएको ऐन नियमहरुको सँगालो |
| कोर्ट फी | देवानी मुद्दा दर्ता गर्दा अदालतमा कानून अनुसार लाग्ने दस्तुर |
| घाँ जाँच | कुटपिट गरेका अवस्थामा चिकित्सक (डाक्टर) द्वारा घाउचोटको रुप र अवस्था जाँच गराउने काम |
| जमानत | धरौटी राखी छुट्ने काम |
| जमानी | कुनै व्यक्तिले दायित्व पूरा नगरे आफू गर्छु भनी जिम्मा लिने व्यक्ति वा त्यसका लागि तोकिएको सम्पत्ति |
| जरिवाना | नगद रुपैयाँ दण्ड तिर्नुपर्ने गरी अपराधीलाई गरिएको सजाय |
| जाहेरवाला | जाहेर गर्ने, उजुर गर्ने, उजुरवाला, अवगत गराउने |
| जाहेरी | सरकारवादी फौजदारी मुद्दामा अपराध भएको विषयमा प्रहरी कार्यालयमा दिने उजुरी |
| जिरह | विपक्षी पक्षले साक्षीलाई सोधपुछ गर्ने काम |
| जेथा | जमानी कुनै व्यक्तिले गलत गरेमा आफ्नो कुनै निश्चित जेथाबाट बेहोरौंला भनी सहीछाप गरिएको जमानी कागज |
| ततिम्वा | पहिलेको भएको बयान नपुगेर थप्दै गाँस्तै दोहोरो तेहेरो सोधपुछ गरेर लिइने वयान |
| तहकीकात | कुनै मामिलामा हुने प्रारम्भिक जाँच पडताल, अनुसन्धान |
| तारीख | अड्डा अदालतबाट मुद्दाको पक्ष विपक्ष वा निजको वारिसलाई एक पटक हाजिर हुन आएपछि पुनः हाजिर हुन आउनु भनी तोकिदिएको कागज |
| तामेली | मुद्दाको कारबाहीको सिलसिलामा अर्को आदेश नभएसम्म मुद्दाको कारवाही स्थगित गर्न गरिने आदेश |
| थुनछेक | थुन्ने र छेक्ने काम, बाधा, बन्देज, व्यवधान, छेकथुन |
| दण्ड सजाय | कुनै कसूर गरेबापत कानूनद्वारा निर्धारित सजाय |
| देवानी | चल अचल सम्पत्ति र पदसँग सम्बन्धित विवाद भएको मुद्दा |
| थुनुवा पूर्जी | कुनै पनि मानिसलाई मुद्दाको पुर्पक्षका निमित्त थुनामा राख्नुपर्दा कारण देखाई दिइने पूर्जी |

| | |
|---|---|
| दरपीठ | अड्डा अदालतमा दर्ता गर्न लगिएका कागजपत्र दर्ता गर्न नमिल्ने भए अस्वीकार गरी सोही लिखतको पीठमा कारण लेखिने काम |
| दसी | अपराध तथा घटना स्थलमा भेटिएको प्रमाण लाग्ने माल सामान |
| धनजमानी | आसामीले बुझाउनु पर्ने रकम वा गर्नुपर्ने कामकुरा नगरेमा आफूले सो रकम बुझाउँला भनी गर्ने कबुल |
| नजीर | कुनै मुद्दाको सन्दर्भमा देशको उच्च अदालतले दिएको अनुसरण गर्न लायक सिद्धान्त |
| पक्राउ पूर्जी | मानिसलाई पक्राउ गर्दा पक्राउ गर्नुपरेको कारण लेखिएको पूर्जी |
| पीडित | घटना वा मुद्दाले दुख पाएको व्यक्ति, पीडकले पीडा दिएको व्यक्ति |
| पीडक | घटना वा मुद्दामा दुःख दिने व्यक्ति, पीडितलाई पीडा दिने व्यक्ति |
| पुर्पक्ष | अदालतमा आएको मुद्दाको कारबाही |
| पेसी | सुनुवाईका लागी अदालतमा न्यायाधीशसमक्ष पेश गर्न लैजाने दिन |
| पैरवी | मुद्दा मामिलाको कुनै एक पक्षको तर्फबाट अदालतमा अदालती कार्यमा सहयोग गर्ने काम |
| प्रतिउत्तर | फिरादपत्रमा लिइएका दावीबाट फुर्सद पाउनका निम्ति प्रतिवादी पक्षले अदालतमा दिइने जवाफी कागज |
| प्रतिवादी | मुद्दा मामिलामा दावीका कुराको विरोधमा जवाफ फिराउने व्यक्ति वा संस्था |
| प्रमाण | कुनै विवादित वस्तुलाई ठीक हो भन्नका लागि पेश गरिएको वस्तु वा साधन |
| फरार | कुनै अपराध गरेर बेपत्ता भएको |
| फाँट | कार्यालयको खण्ड हिस्सा वा विभाग |
| फाँटवाला | कार्यालयको विभिन्न फाँटमध्ये कुनै एक फाँटको जिम्मा लिएको व्यक्ति |
| फिरादपत्र | मर्का परेको कुरा लेखी अदालतमा कानूनी कारबाहीका निम्ति पेश गरिने कागज, नालिस, वा नालिस सरहको उजुरी |
| फुकुवा | छुटकारा पाएको |
| फुकुवा पूर्जी | कुनै काम गर्न लागेको रोक्का फुकाउन जारी भएको पत्र |
| फैसला | अदालतले मुद्दाको विवादमा गरेको निर्णय |
| बकपत्र | मुद्दामा वादी वा प्रतिवादीका साक्षीले बकेको कुरा लेखिएको कागज |
| बदर | अस्वीस्कृत भएको |


| | |
|---|---|
| बयान | अभियुक्त वा साक्षीले कसुर वा विवादका सम्बन्धमा अदालतमा लेखाई दिएको व्यहोरा कागज |
| बरामद | चोरिएको वा लुकाइएको मालसामान फेला पर्ने काम |
| बहस | अड्डा अदालतमा छलफलमा मुद्दाका पक्षहरुको तर्फबाट गरिने छलफल तर्क-वितर्क |
| बिगो | कसैले कसुर वा नोक्सान गरेको धनमाल वा सो धनमालमा नोक्सान गरे बापत दाबी गरिएको निश्चित रकम |
| बेरीत | रीत वा तरिका, काइदा नपुगेको |
| मतियार | अपराध गर्न सहयोग गर्ने व्यक्ति |
| मिसिल | मुद्दा मामिला सम्बन्धी कागजपत्र एकसाथ नत्थी गरी राखिएको अबस्था |
| मिनाहा | असुर उपर गर्नुपर्ने रकम छुट वा माफ दिने काम |
| मिलापत्र | अड्डा अदालतमा मुद्दा परिसकेपछि मुद्दाका पक्षहरुले परस्पर मिली आएमा लेखिदिएको सम्झौताको कागज |
| मुचुल्का | कुनै घटना वा ठेकिएको कामको सम्बन्धमा अड्डा अदालतबाट भएको काम कारबाहीको विवरण व्यहोरा लेखिएको कागज |
| मुलतबी | मुद्दाको कारबाही केही समयका लागि स्थगित वा रोक्का गर्ने काम |
| मौका तहकिकात | मौका वा समयमै घटनास्थलमा गई गरिने खोजतलास वा जे जो देखिन्छ सो सम्बन्धी मौकाको कागज व्यहोरा |
| म्याद | कुनै काम कुराका निम्ति तोकिएको समयावधि, अन्तिम मिति, हद, सीमा |
| म्यादपूर्जी | वारेण्ट जारी हुँदा फेला नपरेका अभियुक्तका हकमा हाजिर हुन भनी अदालतबाट जारी भएको पक्राउ पुर्जी |
| राजस्व | राज्यको आम्दानी, दै दस्तुर, जरिवाना समेतको दाखिला |
| रोहवर | कुनै काम कुराको मुचुल्का आदि गर्दा जसको सामुन्ने त्यसतो कागज काम भएको हो उ साक्षी बस्ने काम |
| रोक्का पूर्जी | कुनै भइरहेको कामकारबाई नगर्न भनी सम्बन्धित सरकारी कार्यालयबाट लेखिने पूर्जी |
| रिट | अदालतद्वारा कसैलाई कुनै काम गर्न वा नगर्नका लागि असाधारण आदेश पाउन दिएको निवेदन |

| | |
|---|---|
| लिखत | मानिसहरु बीच लेनदेन व्यवहार गर्दा प्रमाणको लागि लेखिने कागज तमसुक राजीनामा बकसपत्र वा अड्डा अदालतको विभिन्न लिखित कागजहरु |
| लासजाँच मुचुल्का | लास जाँच गरी तत्काल देखिएको मृत्युको कारण र अन्य विवरणसमेत लेखिएको कागज |
| लिखत बदर | सम्बद्ध प्रयोजनका निम्ति तयार पारिएको कागजपत्र कच्चा भएका कारणले सदर नहुने काम वा अवस्था |
| लिलाम | कुनै डाँक बोलेर सबभन्दा बढी मोल दिनेलाई माल सामान बिक्री गर्ने काम |
| वकालतनामा | मुद्दामा बहस पैरवी गर्न कानून व्यवसायीलाई पक्षबाट दिइने अधिकारनामा वा मन्जुरनामा |
| वादी | मुद्दा दायर गर्ने वा नालिस दिने व्यक्ति |
| वारेस | मुद्दामामिलामा कुनै पक्षका तर्फबाट अड्डा अदालतमा हाजिर हुन अधिकार पाएको मानिस |
| वारिसनामा | कुनै कामकुराको लागि वा मुद्दामामिलाको पैरवी गर्नका लागि वारिस पठाउँदा प्रमाणस्वरुप लेखेर दिइने कागजपत्र वा लिखत |
| सजाय | कुनै अभियोग प्रमाणित भएपछि दोषीलाई दिइने शारीरिक दण्ड |
| सनाखत | अपराधको अनुसन्धान गर्दा वा दुर्घटनामा बस्तु वा मानिस चिनाउने काम |
| सबुद | प्रमाण |
| समाह्वान | फौजदारी मुद्दाको कारबाही चल्दै जाँदा प्रतिवादीलाई हाजिर हुन आउनु भनी अदालतबाट पठाइने पुर्जी |
| सरजमीन | कुनै घटना वा मुद्दा मामिलाको सम्बन्धित विषयमा साँध सँधियार छर छिमेकबाट यथार्थ कुरा बुझ्ने काम |
| सर्वस्व | सारा सम्पत्ति, भए भरको सम्पत्ति राज्यले लिने काम |
| साबिती | कुनै घटना वा अपराध मैले नै गरेको हो भनी स्वीकार गर्ने काम |
| साधक | आफूले छिन्न नमिल्ने मुद्दामामिलामा आफ्नो राय लेखी निर्णय निम्ति माथिल्लो तहको तालुकवाला अधिकारी वा अड्डामा पठाइने जाहेरी अथवा जन्म कैद हुने फैसला माथिल्लो अदालतमा जाहेर गर्ने काम |
| साक्षी | राम्रो वा नराम्रो कुनै घटना, काम वा व्यबहार आफ्नो आँखाले देख्ने व्यक्ति, घटनास्थलमा उपस्थित भएको व्यक्ति |

| | |
|---|---|
| साक्षी परीक्षण | सुनवाई हुने मुद्दा मामिलाको विषयमा इजलास समक्ष सम्बन्धीत साक्षीले आफ्नो कुरा राख्ने काम |
| हकदैया | मुद्दा गर्नका लागि सो विषयमा आफ्नो हक भएको छ भनी देखाउने अवस्था |
| हकवाला | कुनै सम्पत्तिमा स्वामित्ववालाको मुत्यु वा शेष पछि हक वा स्वामित्व पाउने सबभन्दा नजिकको नातेदार मानिस |
| हदम्याद | अड्डा अदालतमा मुद्दा दर्ता गर्न किटानीसाथ लेखिएको समय अवधि |
| हाजिर जमानी | खोजेको बखत हाजिर हुन आउला भनी लेखिदिने कागज |
| हिरासत | अनुसन्धानका लागि थुनामा राखिएको अवस्था |
| हुलिया | मानिस वा सरसामानको चिनारी गराउने रुप, आकृति, बनोट, स्वभाव वा चिन्हको विवरण |
| क्षतिपूर्ती | हानि-नोक्सानी भएको वस्तु पूरा गरिदिने वा नोक्सानी भराई दिने काम |

**संविधान, कानून र न्यायका मान्य सिद्धान्तहरुका आधारमा स्वच्छ एव निष्पक्ष न्याय सम्पादन गरी स्वतन्त्र, सक्षम, कम खर्चिलो, छिटोछरितो, प्रभावकारी र जनताको सहज पहुँचयुक्त, जनआस्थामा आधारित न्याय प्रणाली मार्फत मानव अधिकारको संरक्षण गर्दै कानूनको शासनको माध्यमद्वारा सबैको निम्ति न्याय प्रदान गर्न तपाईहरुको सहयोगको आवश्यकता छ। कानूनको पालना गर्नु सबै तपाई हामी सबैको पनि हो।**

प्रकाशन संख्या ५०




इजलासमा मुद्दाको सुनुवाइ (बहस) हुँदै

**सम्पर्क ठेगाना :**

## राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

**हरिहरभवन, ललितपुर**

**फोन नं. : ९७७-१-५५४९०५७/५५४९०६७**

**फ्याक्स नं. : ९७७-१-५५३०६६२**

E-mail: info@njanepal.org.np

Website: njanepal.org.np